नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ६६

मितिः- २०८१/०५/१७

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

विषयः- जानकारी सम्वन्धमा ।

त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, भुगोल केन्द्रीय विभागको च. नं. १५/०८१-८२, मिति २०८१/०४/२८ को प्राप्त पत्र यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री भूगोल केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
विश्वविद्यालय क्याम्पस
भूगोल केन्द्रीय विभाग

टेलिफोन : ४३३०३२९
इमेल: info@cdgtu.edu.np
http://www.cdgtu.edu.np
कीर्तिपुर, काठमाडौं, नेपाल

च.नं. १५/०८१-८२

मिति: २०८१-०४-२८

माननिय मन्त्री ज्यू,
नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

माननीय मन्त्रीज्यूको निजी सचिवालय
दर्ता नं.:- ०८
मिति:- ०८१।०४।३०

**विषय: सबै स्थानीय तहहरुमा भौगोलिक सूचना प्रणाली विज्ञ (GIS Expert) को व्यवस्था सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभागले यसको स्थापनाकालदेखि नै देशको प्रादेशिक योजना तथा स्थानीय तहको विकास, नीतिनिर्माण तथा योजना तर्जुमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालमा सर्वप्रथम बि.स. २०५० (आज भन्दा ३१ वर्ष अगाडी) सालदेखि स्नातकोत्तर तहमा Geographic Information System (GIS), Remote Sensing (RS), Global Positioning System (GPS) र स्नातक तहमा बि.सं. २०५३ सालदेखि समावेश गरी नियमित पठनपाठन, अनुसन्धान, तालिम, सेमिनार तथा कार्यशाला गोष्ठीहरु आयोजना गर्दै GIS,RS Expert सहित स्रोत व्यक्तिहरु तयार गरिरहेको जानकारी गराउँदछु । यसै सन्दर्भमा कागेश्वरी मनोहरा नगरपालिकाले मिति २०८१।०४।१९ मा गोरखापत्र दैनिक मार्फत GIS Expert पदपूर्तीको लागि गरिएको विज्ञापनमा GIS, RS course लिई भूगोल विषयमा स्नातकोत्तर तह अध्ययन गरेका जनशक्तिलाई समावेश नै नगरी गरिएको विज्ञापनले हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

भूमीसुधार मन्त्रालय अन्तर्गत भू-उपयोग परियोजना मार्फत स्थानीय तहको स्रोत नक्सा, तथ्याङ्क निर्माण गर्ने कार्यमा GIS र RS course लिई अध्ययन गरेका भूगोल विषयका जनशक्तिबाट शूरुवाती अवस्थामा सन् २००९ देखि २०२२ सम्म स्थानीय तहहरुमा भू-उपयोग र योजना तर्जुको सम्पूर्ण कार्यहरु गरेको कुरा जानकारी गराउँदछु । GIS Expert को जन्म अन्तर्राष्ट्रिय स्तरमा भूगोल विषयबाट नै भएकोले सो विभागबाट GIS र RS course लिई भूगोल विषयमा स्नातकोत्तर तह उत्तीर्ण जनशक्ति भू-उपयोग बर्गिकरण र योजना तर्जुमा गर्न सक्षम भएकाले सो जनशक्तिलाई अनिवार्य सबै स्थानीय तहहरुमा GIS Expert को रुपमा समावेश गर्ने व्यवस्था मिलाई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

प्रा.डा. उमेश कुमार मण्डल
विभागीय प्रमुख

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११२
दर्ता मिति:- ०८१।०४।३०